म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१६ शनिबार ३ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 16 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित एक युवक पक्राउ

हेटौंडा, २ चैत/हेटौंडा उपमहानगरपालिका-१३ मुस्कानटोलबाट प्रहरीले बिहीबार अवैध लागूऔषधसहित एक पुरुषलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय ३२ वर्षीय अशोकबाबा भन्ने राजीव मोक्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । मोक्तानलाई विशेष सूचनाको आधारमा पुगेको प्रहरी टोलीले लागूऔषध ट्रामाडोल १ सय ७५ ट्याब्लेट र नगद २२ हजार १ सय ७५ रुपैयाँसहित पक्राउ गरेको हो ।

नगद रुपैयाँ र लागुऔषध ट्रामाडोलसहित पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

### जोखिम घटाउँदै सामी परियोजना

# वैदेशिक रोजगारीमा गएका मकवानपुरका १९३ जनाले गुमाए ज्यान

प्रतिक्षा न्यौपाने



हेटौंडा, २ चैत/परिवारको खुशी र सुखी जीवनका लागि वैदेशिक रोजगारीमा होमिएका मकवानपुरका युवाहरु उतै अस्ताउने क्रम रोकिएको छैन ।

पछिल्लोपटक २१ माघ २०८० मा मकवानपुरगढीका एक युवकले वैदेशिक रोजगारीकै क्रममा मलेशियामा ज्यान गुमाए । घरको कमजोर आर्थिक अवस्था उकास्न मलेसिया पुगेका थिए, मकवानपुर गढी-५ का माधव ढुंगाना । घरको जेठो छोराको जिम्मेवारी काँधमा बोकेर २५ वर्षको उमेरमै वैदेशिक रोजगारीका लागि मलेसिया हानिएका माधवको शव बाकसमा फर्किंदा गाउँ शोकमग्न बन्यो ।

हेन्ना हिआप इण्डष्ट्रिज एसडीएन बिएचडीमा मजदुरको रुपमा कार्यरत् ढुंगानाको कोठामा सुतिरहेको अवस्थामै मृत्यु भएको मलेसियास्थित नेपाली दुतावासले जनाएको थियो । परिवारकाअनुसार उनको हृदयघातको कारण मृत्यु भएको हो । बेलुकाको काम सकेर कोठामा आएपछि खाना खाँदै परिवारसँग कुरा गरिरहेका माधवको स्वर घरमा कहिल्यै नसुनिने गरी बन्द हुन पुग्यो । माधव ८ महिना अघि मात्रै मलेसिया पुगेका थिए ।

मलेसियास्थित नेपाली दुतावास र वैदेशिक रोजगार बोर्डको सचिवालयको सहजीकरणमा माधवको शव ६ दिनमा नेपाल ल्याइएको थियो । माधव जस्तै १९३ जना व्यक्तिले २०६५ सालदेखि २०८० को फागुनसम्म वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएको वैदेशिक रोजगार विभागको तथ्यांकमा छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा रहेको आप्रवासी स्रोतकेन्द्रकाअनुसार आर्थिक वर्ष २०६५/६६ देखि २०८०/८१ को फागुनसम्म १ सय ९३ जनाले ज्यान गुमाएको तथ्यांक शुक्रबार हेटौंडामा आयोजित पत्रकारसँगको अन्तरक्रियामा सुरक्षित आप्रवासन (सामी) परियोजनाले जानकारी दिएको छ ।

यसैगरी विगत १० वर्षमा वैदेशिक रोजगारीमा गएका मकवानपुरका ६२ जना बिरामी तथा अंगभंग भएको परियोजनाले उल्लेख गरेको छ । बागमती प्रदेशमा २०७५/७६ मा ९७ जनाको मृत्यु भएको सामी परियोजनाले जनाएको छ । २०७६/७७ मा ९५ जना, ०७७/७८ मा १६९ जना, २०७८/७९ मा १६९ जना र २०७९/८० मा १२५ जनाको मृत्यु भएको जनाइएको छ । देशभर २०६५/६६ यता १५ वर्षमा ५ हजार २ सय ७९ जनाले वैदेशिक रोजगारको क्रममा ज्यान गुमाएको वैदेशिक रोजगार विभाग, कन्सुलर सेवा विभाग र बैदेशिक रोजगार बोर्डको तथ्यांक रहेको सामी परियोजनाले जनाएको छ ।

मकवानपुरबाट गतवर्ष ०७९/८० मा विदेशिनेहरु १३ हजार १ सय १ जना रहेको परियोजनाले जनाएको छ । तर, यस तथ्यांकमा अध्ययनका लागि विदेशिएकाहरु समेटिएका छैनन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट गतवर्ष राहदानी लिने २३ हजार ३ सय ८३ जना थिए ।

चालू आव २०८०/८१ को फागुनसम्म प्रशासनबाट ६ हजार ३ सय ५० जनाले राहदानी लिएको परियोजनाकी मकवानपुर संयोजक अञ्जिता थापा मगरले जानकारी दिइन् । मकवानपुरबाट चालू आवको फागुनसम्म ७ हजार ६ सय ४७ जनाले पुन: श्रम स्वीकृति लिएको र ५ हजार ३ सय ३७ जनाले नयाँ श्रम स्वीकृति लिएको तथ्यांक छ ।

सामी परियोजना मकवानपुरको हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिका, बकैया र मनहरी गाउँपालिकामा सञ्चालित छ । परियोजनाले विदेश जान चाहनेलाई आवश्यक सूचना तथा परामर्श, विदेशमा रहेकाको परिवारलाई वित्तीय शिक्षा तथा मनोसामाजिक परामर्श, र वैदेशिक रोजगारबाट फर्किएकाबाट सूचना तथा अनुभव आदानप्रदानको लागि समुदायस्तरका काम गरिरहेको छ । सामी परियोजनामार्फत वैदेशिक रोजगारी जानु अघि आवश्यक कागजपत्रको सुरक्षण, सीप, भाषा लगायतको पूर्वतयारी बारे परामर्श दिने गरिएको संयोजक मगरले बताइन् ।

यसैगरी, वैदेशिक रोजगारीबाट फर्केकाहरु र वैदेशिक रोजगारमा रहेकाहरुको परिवारलाई वित्तीय साक्षरता कक्षामार्फत आर्थिक व्यवहार परिवर्तन, पारिवारिक बजेट, फजुलखर्च कटौती जस्ता कार्यमा प्रोत्साहि गर्दै आएको छ । वैदेशिक रोजगारीको क्रममा ठगिएकाहरुलाई न्यायमा पहुँच बढाउन परामर्श र सहायत प्रदान गर्ने गरेको परियोजना संयोजक थापा मगरले बताइन् ।

परियोजनाले प्रतिवर्ष करिब ५ लाख भन्दा बढी श्रमशक्ति वैदेशिक श्रमबजारमा प्रवेश हुने गरेको उल्लेख गरेको छ । मुलुकमा सीमित रोजगारीका अवसर, गरिबीलगायतका कारण वैदेशिक रोजगारीप्रति आकर्षण बढेको मगरले जानकारी दिइन् । नेपालबाट श्रमस्वीकृत लिएर वैदेशिक रोजगारमा जानेको संख्या ७१ लाख नाघिसकेको छ । हाल दैनिक सरदर २ हजार २ सय जना वैदेशिक रोजगार जाने गरेको, श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जानेको संख्या पनि उल्लेख्य रहेको र मुख्य गन्तव्य: मलेसिया/खाडी मुलुकहरु रहेको छ ।

# मकवानपुरमा ४ सय ३७ सम्बन्धविच्छेदका मुद्दा




साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/हेटौंडा उपमहानगरपालिका-३ का नवराज सिग्देल अहिले श्रीमतीसँग सम्बन्ध विच्छेदको कानूनी प्रक्रियामा छन् । विगत ४ वर्षदेखि श्रीमती अलग बसेकाले सम्बन्धविच्छेदका लागि उनले जिल्ला अदालत मकवानपुरमा माघ १८ गते उजुरी दर्ता गरेका हुन् ।

हेटौंडा उपमहानगर पालिका-१९ का २९ वर्षीय धनबहादुर केसीले पनि गत माघ २८ गते सम्बन्धविच्छेदका लागि उजुरी दिएका छन् । पत्नी घर भन्दा बढी माइती बस्ने गरेको, घर व्यवहारप्रति जिम्मेवार नभएको र नगद सम्पत्ति हिनामिना गरेकाले अलग हुन चाहेको केसीको जिकिर छ ।

छोरीमात्र पाएको भनेर श्रीमान्ले मादकपदार्थ सेवन गरेर कुटपिट गर्ने गरेकाले अंशसहित सम्बन्धविच्छेद गरी पाउँ भनेर भीमफेदी गाउँपालिका-१ की नम्रता लामा फागुन ४ गते जिल्ला अदालतको ढोका ढकढक्याउन पुगेकी छन् । २३ वर्षीया लामाको ३ छोरी छन् । मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिका-६ की १८ वर्षीया सुनितामाया चेपाङले पनि पतिसँग सम्बन्धविच्छेद गर्नका लागि फागुन २८ गते अदालतमा निवेदन दर्ता गरेकी छन् ।

तीनवटा बच्चाकी आमा सुनितामायाको २१ वर्षीय पति सोमवहादुर चेपाङले गाउँकै अर्को युवतीसँग विहे गरेपछि उनले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दिएकी हुन् । १४ वर्षको उमेरमा सोमवहादुरसँग उनको विवाह भएको थियो । यी त केही उदाहरण मात्रै हुन् । जिल्ला अदालत मकवानपुरमा दैनिक सरदर तीनवटा सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन् । चालु आर्थिक वर्षको ६ महिनामा १५ सय ९९ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये ४ सय ३७ थान मुद्दा सम्बन्धविच्छेदका छन् । सम्बन्धविच्छेदका लागि महिला र पुरुष दुवैले मुद्दा दर्ता गराएका छन् ।

सम्बन्धविच्छेदका लागि दर्ता भएकामध्ये पुस मसान्तसम्म ३ सय ७३ वटा मुद्दा फर्स्यौट भइसकेका छन् । गत आवको ६ महिना अर्थात् यही अवधिमा जिल्ला अदालतमा ४ सय ३० थान मुद्दा दर्ता भएका थियो । अदालतमा दर्ता भएको मुद्दा तथ्यांकअनुसार सरदरमा दैनिक ३ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेको हो । जिल्ला अदालतमा आव २०७९/८० मा ३ हजार ३ सय ५७ मुद्दा दर्ता भएका थिए । तीमध्ये २८ दशमलव ५० प्रतिशत अर्थात ९ सय ७५ थान सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको अदालतका श्रेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए ।

सम्बन्धविच्छेदका लागि आएका अधिकांश महिला पति एवम् घर परिवारको हिंसा सहन नसकेर अदालतको ढोका ढकढक्याउन आउने गरेका छन् । श्रेस्तेदार पौडेलका अनुसार बालविवाह पनि क्रमश: सम्बन्धविच्छेदमा परिणत हुन थालेको छ । विवाह १५/१६ वर्षको उमेरमा हुने र २१/२२ वर्ष पुगेपछि काखमा नानी च्यापेर सम्बन्धविच्छेदका लागि आउनेको संख्या बढ्दो रहेको छ । मुलुकमा नयाँ संहिता कार्यान्वयनमा आएपछि सम्बन्धविच्छेदका लागि पुरुषलाई पनि सहज बनाएको छ ।

जसले गर्दा सम्बन्ध विच्छेदको मुद्दा अदालतमा ह्वात्तै बढेको अधिवक्ता मदन दाहालले बताए । अहिले अदालतमा दर्ता भएका मुद्दामध्ये झण्डै ३० प्रतिशत मुद्दा सम्बन्ध विच्छेदका छन्, उनले भने, 'महिला सरह पुरुषहरु पनि सम्बन्धविच्छेदका लागि अदालत जान सक्ने कानुनी व्यवस्था गरिएका कारण पनि मुद्दा बढेका छन् ।'

# वन डढेलो सचेतना सप्ताह मनाईदै




साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ डिभिजन वन कार्यालय मकवानपुरले वन डढेलो सप्ताहको सुरुवात गरेको छ । वन डढेलो सप्ताहअन्तरगत डिभिजन वन कार्यालयको कार्यक्षेत्रका ३ देखि ५ वटा सामुदायिक वन सम्मिलित ४० वटा वन डढेलो नियन्त्रण सञ्जाल गठन गरिएको छ । गठन भएको वन डढेलो नियन्त्रण सञ्जालले सामुदायिक वनको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्ने बताइएको छ ।

वन डढेलो नियन्त्रणको लागि हरित स्वयम्सेवक परिचालनको कार्यसमेत गरिरहेको छ । डिभिजन वन कार्यालय मकवानपुर र मातहतका सब डिभिजन वन कार्यालयमार्फत् वन डढेलो सचेतनासम्बन्धी स्कुल कार्यक्रम, न्याली, माइकिङ, रेडियो तथा पत्रपत्रिकामार्फत् सचेतना सामग्री प्रकाशन तथा प्रशारण कार्यक्रम जारी रहेको डिभिजन वन कार्यालय मकवानपुरका साहायक वन अधिकृत हेमकुमार पाठकले बताए ।

यसबाहेक वन डढेलो जोखिम नियन्त्रणको लागि विभिन्न वन क्षेत्रमा अग्निरेखा निर्माण तथा मर्मत गर्ने, वन क्षेत्रमा झाडी सफाई लगायतका कार्यमार्फत् ज्वलनशीलपदार्थ हटाउने कार्य समेत जारी रहेको उनले जानकारी दिए । यस वर्ष हिउँदेवर्षा कम भएको र अघिल्लो वर्षहरुमा वन डढेलो तुलनात्मक रुपमा कम लागेको कारण वन क्षेत्रमा ज्वलनशील पदार्थको तह बढ्न गई वन डढेलोको जोखिम उच्च भएको बताइएको छ ।

डिभिजन वन कार्यालयको प्राविधिक सहयोग र समन्वयमा ८ वटै सब डिभिजन वन कार्यालयको मातहतका सामुदायिक वनमा प्रतिकात्मक डढेलो तथा नियन्त्रित वन डढेलोमार्फत् वन डढेलो जोखिम कम गर्ने कार्यक्रम सञ्चालन गरिएको पाठकले बताए । डढेलो नियन्त्रण गर्ने सामग्रीको व्यवस्थापन गरिएको छ ।

वन डढेलो नियन्त्रणको लागि अन्तरनिकाय समन्वय गरिएको छ । वन डढेलो नियन्त्रणको लागि सुरक्षा निकाय, स्थानीय तह, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, वन उपभोक्ता समूह, विद्यालय, पत्रकारलगायत सम्पूर्णमा अपिल जारी गरिएको उनले जानकारी दिए ।

# जिल्लास्तरीय डबल ब्याड्मिन्टन प्रतियोगिताको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ हेटौंडामा आगामी ९ चैतबाट जिल्लास्तरीय खुला डबल ब्याड्मिन्टन प्रतियोगिता हुने भएको छ । मकवानपुर जिल्ला ब्याड्मिन्टन संघको आयोजनामा हेटौंडा-११ भानाभऱ्याङको कर्बडहलमा प्रतियोगिता आयोजना गर्न लागेको संघका अध्यक्ष विष्णु घिमिरेले जानकारी दिए ।

४५ वर्ष उमेर समूह माथि र ४५ वर्ष भन्दा कम उमेर गरी दुई समूहमा डबल ब्याड्मिन्टन प्रतियोगिता आयोजना गर्न लागेको उनले बताए । 'गत वर्ष भएको डबल र सिंगल प्रतियोगितामा २५ जना खेलाडी सहभागी थिए', उनले भने, 'यस वर्ष डबल मात्र प्रतियोगिता आयोजना गर्न लागेका छौं । कति खेलाडी सहभागी हुन्छन् यकिन छैन ।'

प्रतियोगिताको लागि टिम दर्ता अन्तिम मिति चैत ७ गतेसम्म रहेको छ । प्रतियोगिताको लागि टिम शुल्क दुई हजार रुपैयाँ तोकिएको आयोजकले जनाएको छ । सहभागी खेलाडीलाई खानाको व्यवस्था समेत गरिएको र हेटौंडा बाहिरका खेलाडीलाई बासको समेत व्यवस्था गरिएको अध्यक्ष घिमिरेले बताए ।

प्रतियोगिताको बजेट अनुसार प्रतियोगिताको पुरस्कार निर्धारण गरिने उनले बताए । दुई दिनसम्म सञ्चालन हुने प्रतियोगिताका लागि करिब ८ लाख रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिकटकलाई पछि पार्दै इन्स्टाग्राम बन्यो सर्वाधिक डाउनलोड हुने एप

मेटा स्वामित्वको सोसल मिडिया एप इन्स्टाग्राम गत वर्ष सन् २०२३ मा विश्वमा सर्वाधिक डाउनलोड हुने एप बन्न सफल भएको छ । चिनियाँ प्रतिस्पर्धी टिकटकलाई पछि पार्दै इन्स्टाग्रामले आफ्नो बढ्दो लोकप्रियतालाई पुष्टि गरेको छ ।

मार्केट इन्टेलिजेन्स कम्पनी सेन्सर टावरको रिपोर्ट अनुसार गत वर्ष इन्स्टाग्रामको डाउनलोडमा २० प्रतिशतले वृद्धि भयो र कुल ७६ करोड ८० लाख पटक डाउनलोड भयो । सर्वाधिक डाउनलोड हुने एपको दोस्रो स्थानमा रहेको टिकटक ७३ करोड ३० लाख पटक डाउनलोड भएको छ ।

चिनियाँ कम्पनी बाइटडान्स स्वामित्वको टिकटकको डाउनलोड दरमा गत वर्ष ४ प्रतिशतले वृद्धि भएको छ।




इन्स्टाग्रामले पछिल्लो समयमा अन्य विभिन्न लोकप्रिय सोसल मिडिया प्लाटर्फमका फिचरहरु नक्कल गर्दै आएको छ र त्यसले प्रयोगकर्ताको आकर्षण बढाउनमा सहयोग गरि रहेको छ । यसमध्ये इन्स्टाग्रामले थप गरेको एउटा फिचर रील्स हो । टिकटकको भाइरल भिडियो फिचरको सिको गर्दै इन्स्टाग्रामले सन् २०२० मा रील्स लन्च गरेको थियो ।

सेन्सर टावरका वरिष्ठ व्यवस्थापक अब्राहक युसुफ भन्छन्- पछिल्ला वर्षहरुमा प्रयोगकर्ताको अबलम्बन दरमा इन्स्टाग्रामले टिकटकलाई पछि पारेको छ । यसको एउटा मुख्य कारण चाहिं यसको रील्स फिचरको लोकप्रियतासँगै आम सोसल मिडियाको रुपमा थप फिचर तथा सुविधाहरु उपलब्ध हुनु हो ।

विश्लेषकहरुका अनुसार सेलिब्रेटी तथा प्रभावशाली व्यक्तिहरु इन्स्टाग्रामतर्फ आकर्षित भैरहेका छन् किनकि आफ्नो व्यापक फलोअर्सका कारण उनीहरुले त्यहाँबाट सजिलैसँग पैसा आर्जन गर्न सक्दछन् । जबकि टिकटक भनेको केवल रातारात भाइरल बन्ने सफलता प्राप्त गर्नका लागि कन्टेन्ट क्रियटर्सहरुका लागि मात्रै उत्तम गन्तव्य बनिरहेको छ।


त्यस्तै इन्स्टाग्रामको लोकप्रियताको अर्को कारण भनेको टिकटकले आफ्ना भिडियोहरु डाउनलोड गरेर अन्य प्लाटर्फममा पोस्ट गर्नसक्ने सुविधा दिनु पनि हो । प्रयोगकर्ताहरुले टिकटकमा बनाएका भिडियोहरु डाउनलोड गरेर इन्स्टाग्राममा पोस्ट गर्ने गरेका छन् ।

तथ्यांक अनुसार इन्स्टाग्राममा मासिक सक्रिय प्रयोगकर्ताको संख्या एक अर्ब ४७ करोड पुगेको छ भने टिकटकका सक्रिय प्रयोगकर्ता एक अर्ब १२ करोड छन् । सन् २०२३ को पछिल्लो तीन महिनामा टिकटकका प्रयोगकर्ताको संख्या एक करोड २० लाखले घटेको छ ।

**यौन स्वास्थ्य**

# उच्च रक्तचाप र मुटुका बिरामीले यौन जीवन कसरी सहज बनाउने ?

यौन प्राकृतिक आवश्यकता हो । यद्यपि, मुटुरोगको समस्या भएका धेरैमा एउटा जिज्ञासा हुनसक्छ- कतै यौन क्रियाकलापले मुटुलाई झन् जोखिम त पार्दैन ? यो दुविधा हुनु स्वभाविक हो । किनकि जति खुलेर अन्य स्वास्थ्य समस्याको चर्चा गरिन्छ, त्यति यौनबारे गरिंदैन । चिकित्सकसँग पनि संकोचका कारण बिरामीले यसबारे खुलेर प्रश्न सोध्दैनन् । जसले गर्दा यौन जीवनमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुनसक्छ ।



### मुटुमा समस्या भएपछि यौन जीवनमा असर पार्छ ?

शारीरिक तथा मानसिक अवस्था, उपयुक्त व्यक्ति तथा वातावरणजस्ता विषयले यौनको नतिजा फरक पार्न सक्छन् । तर यौन आधारभूत आवश्यकता नै हो र यसलाई कुनै रोगमा पनि पूर्ण वर्जित विषय मानिंदैन ।

मुटुका समस्या भएका व्यक्तिमा पनि यौनक्रिया गर्नु सुरक्षित मानिन्छ । जोन हप्किन्स मेडिसिन अर्गनाइजेसनमा प्रकाशित एक जर्नलअनुसार मुटु तथा उच्च रक्तचाप भएका व्यक्ति जो भऱ्याङ चढ्न, हिंड्न र केही दूरीसम्म दौडिन कुनै समस्या हुँदैन भने सहवास गर्नु सुरक्षित मानिन्छ । कुनै लक्षण देखिंदैन भने सहवास गर्न कुनै आपत्ति हुँदैन ।

तर यौन सम्पर्कको चरम उत्तेजनाको समयमा मुटुको चाल बढ्ने तथा रक्तचाप पनि केही बढ्ने भएकाले मुटुलाई थप दबाब चाहिं पर्न सक्छ । यही कारण मुटुको धमनीको रोग भएका व्यक्तिमा केही सावधानी अपनाउनु आवश्यक हुन्छ । तर यौन सम्पर्कबाट टाढै बस्नुपर्छ भन्ने चाहिं छैन ।

यदि सामान्य हिंड्डुल गर्दा वा भऱ्याङ चढ्दा छाती भारी हुन्छ भने यौन सम्पर्कको समयमा हृदयघातको केही जोखिम हुनसक्छ । यस्तो अवस्थामा मुटुरोग विशेषज्ञसँग परीक्षण गराई उचित उपचार गर्ने र सावधानीका उपायबारे परामर्श गरी यौन क्रियाकलाप गर्न सकिन्छ ।

### हृदयघातपछिको अवस्था

हृदयघात भएको सुरुको दुई हप्तासम्म बढी शारीरिक परिश्रम गर्नु राम्रो हुँदैन । त्यसपछि जब हिंड्डुल गर्दा छाती भारी नहुने तथा स्वयंलाई मध्यम तहका शारीरिक गतिविधि गर्न सहज हुन्छ, तब यौन सम्बन्ध राख्न मिल्छ । तर यौनसम्बन्ध राख्न सक्ने र नसक्ने अवस्था व्यक्तिअनुसार फरक पर्न सक्छ ।

### हृदयघातपछि कसरी सहज बनाउने यौन जीवन ?

- आफ्नो रुचि र अवस्थाबारेमा श्रीमान श्रीमतीबीच कुनै दूरी नराखी कुरा गर्नुपर्छ ।
- एकअर्काको अवस्था बुझेर त्यसअनुसार श्रीमान श्रीमतीमध्ये स्वस्थ्य व्यक्तिले मद्दत गर्नुपर्छ ।
- खाना खानेबित्तिकै यौन सम्पर्क गर्नुहुँदैन ।
- मनबाट त्रास हटाउनुपर्छ । कहिलेकाहीं सहवास गर्ने क्रममै मुटुमा समस्या देखिइपो हाल्छ कि भनेर डराउँदा यौन आनन्द लिन सकिंदैन ।
- सहवास गर्दागर्दै छाती भारी भएमा तुरुन्त क्रियाकलाप रोकेर 'नाइट्रेट' समूहको औषधि सेवन गर्नुपर्ने हुनसक्छ । जुन कुरा चिकित्सकले परामर्शको क्रममा बताएका हुनसक्छन् ।
- केही असहज लागेमा चिकित्सकको परामर्श लिनुपर्छ ।

### उच्च रक्तचाप र मुटुजन्य रोगमा यौनको प्रभाव

उच्च रक्तचाप तथा मुटुजन्य रोग भएका व्यक्तिमा यौनमा रुचि कम हुनु तथा पुरुषको लिङ्ग उत्तेजित नहुने, उत्तेजनामा आउन बढी समय लाग्ने, उत्तेजना लामो समयसम्म रहन नसक्ने हुनसक्छ । महिलामा पनि रुचि कम हुने तथा योनी सुख्खा भई बढी पीडा हुनसक्छ ।

### कारण

जसरी मुटु तथा मस्तिष्कको रक्तनलीहरुमा बोसोजन्य पदार्थ जम्मा भई साँघुरिन्छ, सोही अवस्था लिङ्ग तथा योनीको रक्तनलीहरु पनि रक्तचाप बढेमा साँघुरिन्छ । र, रक्त प्रवाह घट्न जान्छ, जसले गर्दा दुवैमा यौन रुचि घट्न सक्छ । कहिलेकाहीं मुटु तथा उच्च रक्तचापका बिरामीले कुनै कारणबिना पनि आफूलाई कमजोर ठानी आत्मबल कमजोर बनाएर यौनमा अग्रसरता नदेखाउने तथा पूर्ण सन्तुष्टि प्राप्त गर्न नसक्ने हुन्छन् । जुन अवस्थालाई मनोवैज्ञानिक परामर्शको आवश्यकता पर्छ ।

त्यस्तै, मुटु तथा उच्च रक्तचाप सम्बन्धी केही औषधिले पनि यौन कार्यमा प्रभाव पार्छ । उच्च रक्तचापका लागि चलाइने 'थायजाइड' तथा 'बिटा ब्लकर' समूहका औषधिले यौन रुचि कम गराउने, चरम सुख नहुने, लिङ्गको उत्तेजनामा कमी ल्याउन सक्छ ।

यी औषधि सेवन गर्ने युवा तथा प्रौढ उमेरका करिब १० प्रतिशतमा यस्तो असर पाइएको अध्ययनहरूले देखाएका छन् । त्यस्तै, मुटुरोगका लागि चलाइने 'डिजोक्सिन' तथा 'स्पारोनोल्याक्टोन'जस्ता ओषधिले पनि यौन इच्छा कम गर्ने तथा पुरुषको स्तन दुख्ने तथा सुन्निने गराउन सक्छ ।

मुटुको चालमा समस्या भएकाहरूमा पनि यौन इच्छा कमी तथा यौन सन्तुष्टि नमिल्न सक्छ । यसबाहेक उच्च रक्तचाप बढ्ने विभिन्न हार्मोनसँग सम्बन्धित अवस्था, मिर्गौला रोग तथा लामो समयदेखि रहेको अनियन्त्रित मधुमेह लगायत रोगमा यौन इच्छा घट्न सक्छ ।

### समाधान के त ?

लिङ्गको उत्तेजना बढाउन भियग्रा लगायतका औषधि सेवन गर्न सकिन्छ । तर यस्तो औषधि सेवन गर्नु अगाडि चिकित्सकको परामर्श लिनुपर्छ ।

उच्च रक्तचापका लागि चलाइने 'थायजाइड' तथा 'बिटा ब्लकर' समूहका औषधि र मुटुरोगका लागि चलाइने 'डिजोक्सिन' तथा 'स्पारोनोल्याक्टोन'जस्ता औषधिको सट्टा व्यक्तिको उमेर तथा अवस्था हेरेर चिकित्सकको सल्लाहमा वैकल्पिक औषधि प्रयोग गर्न सकिन्छ ।

'नाइट्रेट' समूहको औषधि सेवन गरिरहेको व्यक्तिले भियग्राको सेवन गर्नु प्राणघातक हुनसक्छ । त्यो बाहेक रक्तचाप धेरै बढी वा कम भएका व्यक्ति, भर्खरै हदयघात भएका बिरामी, मिर्गौला तथा कलेजोसम्बन्धी रोग भएकाले पनि भियग्रा सेवन गर्नु हुँदैन ।

# साहित्य

## अनुभूतिका अक्षर



✍ज्ञानेन्द्र विवश

निर्मल आकाश, निश्चल धर्ती,
निरन्तर पाइलाको गति !
यता हेरौं कि उता आँखालाई भ्याइ नभ्याइ
हिमाली रूपसी परी कति मादक !
यतिका दिनको यात्रा,
यतिका बिदा व्यर्थ बिताउनु भएन
यसको सदुपयोग नभई फर्किंदा
मन खिन्न होला, पश्चात्तापले पोल्ला
बल्लतल्ल आइपुगेको पैदलयात्रा
यो उचाइमा चिसोको तापक्रम केही होइन
हेरेर तृष्णा मेटाउँदै हरेक दृश्यहरू
देखेर प्रकृतिको फन्को मार्दै भञ्ज्याङहरू
काँडा टेकेर भए पनि सबै ठाउँ घुमेर
पुग्न सक्ने ठाउँ पुग्नु छ हिम्मतले हिँडेर

कालापत्थर तिमी उकालोको 'काल' रहेछौ,
तथापि परीक्षणमा उत्तीर्ण भएँ
एभरेस्ट बेस क्याम्प पुग्नलाई
तिमी त धेरै टाढाको हुँदै हैनौ
दूरीले टाढा तर मनको नजिकै
आँखाकै छेउमै रहेछौ

खुम्बु ग्लेसियरको गहिराइ पनि नाप्नु छ
कठोर पत्थर र पर्वतमाथि विजय हासिल गर्दै
आँखाले देखेर आफ्नै अगाडि
बगेको पानीलाई समेत चट्टान बनाइदिने
हिलाम्मे चिसा हिउँले भिजेको हिमाल
रातदिनको यही रूप हिमालय पर्वतको
तथापि, चिसोको साम्राज्यमा
कति चिसो हुँदो होला तापक्रम ?
बादलको सिरक ओढेको देखेकै हो
मनले खिचेर, फदयले लेखेर
अनुभूतिका अक्षरहरूमा
सर्वोच्च चुचुरो प्यारो सगरमाथालाई
सम्बोधन गरिरहेछु आज म

कलिलो घाममा सुनपानीले नुहाएर
झलमल्ल घाममा बिस्कुन सुकाएझैं
टलक्क टल्किएका हिमालका हिउँ
छाया परेको ठाउँमा पनि
हिउँमाथि अनौठो रङहरूको तरंग
हिउँ नपरेका काला पत्थर पनि
शोभायमान अनुहार देखेर
बेग्लै रूपमा प्रस्तुत भएको पाएर
प्रकृतिप्रेमीका मनहरू हर्षले नि:शब्द
मैले हिमाललाई भेटेको पल !

५,५४५ मिटर उचाइमा कठिंग्रियाउने बिहान
सगरमाथालाई दर्शन गरेको क्षण
आँखा रसाएर रमाएको दिन
मन खुसीले चिच्याएको दिन
फदयमा कोरिएको हिमालय शृंखला !
रूप त केही होइन रहेछ हेर्नेलाई
रङका किरण र आकृतिहरू नै विछट्टका
मेरो अनुभूतिका अक्षरहरूमा
आज हिमाल मुस्कान बोकेर उपस्थित छ
पाहुना निम्त्याउँदै सुन्दरता पस्किरहेछ

निर्मल आकाश निस्तो छैन
निश्चल धर्ती निन्याउरो छैन
बरु, हिमाली सौन्दर्यका रूप-लावण्यले
'अतिथि देव भव:' को सत्कार गरिरहेछ
त्यसैले त अतिथिहरूको घुइँचो
यही घुइँचोमा कति रोमाञ्चक यात्रा
यात्रा एक, अनुभूति अनेक
कपेर सीपले अनुभूतिका अक्षरहरूमा
अभिव्यक्त हिउँले चिसिएका भावनाहरू
तर, कति कोमल, मुलायम र न्यानो
आफैंमा अचम्मको अनुभूतिले
अक्षरहरूमा रूपान्तरित विम्बहरू
स्वत: अभिव्यक्त अनुभूतिका अक्षरहरू
अनुभूतिका अक्षरहरू !

## चेलीको वेदना



✍शाम्भवी वाशिष्ठ

कुनै पनि चेलीले आफ्नो जीवन
आफ्नो हिसाबले बाँच्न पाउँदिनन् भने
हे भगवान उनलाई नजन्माऊ
छोरी यदि छोरी भएर बाँच्न पाउँदिनन् भने
हे भगवान् उनलाई यस धर्तीमा नल्याइदेऊ।
आफ्नै बाबु, दाजुभाइबाट अपहेलित हुन्छिन् भने
उनीहरूको भागमा चेली नपारिदेऊ
मर्दापर्दा चाहिने छिमेकी
तिनै छिमेकीबाट छोरीचेली सुरक्षित छैनन् भने
समाजबिना एक्लै बस्न सक्ने बनाइदेऊ ।

भगवान्, तिमीलाई पुकार्दै मठ-मन्दिर धाउने हामी
तिम्रै आँगनमा छोरी-चेली बलात्कृत हुन्छन् भने
राख्नु छैन कुनै आस्था तिमीप्रति पनि
भगवान्भन्दा पनि महान् मानिने गुरुहरू
आफ्नै चेलीहरूमाथि कुदृष्टि राख्छन् भने
कसरी दिइराखौं त्यही सम्मान
विद्यालयलाई दोस्रो घर मान्ने हामी
तर त्यही घरमा चेलीहरू बलात्कृत हुन्छन् भने
हे भगवान् नबनाइदेऊ दुईवटा घरको भाग्यमानी
कि त छोरीलाई जन्मै नदेऊ भगवान्
जन्म दिन्छौ भने या त संरक्षक बन
या उसलाई यति साहसी बन्न सक्ने भाग्य
दिएर पठाऊ
ऊ हर नरभक्षीसँग प्रतिकार गर्न सकोस् ।

हे भगवान् ! तिमी पनि स्त्रीबिनै संसार
चलाउन सक्छौ भने
चलाएर हेर
होइन भने स्त्रीलाई सम्मान गर्ने समाजको
विकास गरिदेऊ ।

## कलिका शिवहरू



✍सुरेश जोशी

समुद्र मन्थनबाट निस्केको
कालकुट विष सेवन गरी
लोककल्याण हेतु
चुपचाप कैलाशतिर
गुमनाम भएका शिव
जसले नामका खातिर
केही गरेनन्
उनका अगाडि
नाम होइन, काम थियो
स्वार्थ होइन,
लोककल्याण थियो ।

तर, तिनै शिवलाई
चक्मा दिँदै
कलिका शिवहरू
बदनामको जोखिम मोल्दै
गुमनाम हुन चाहँदैनन्

उनका कृत्यले
लोककल्याण होला नहोला,
बाल मतलब छैन
केवल नामका खातिर नामको अर्थ
छैन रे !
त्यही भएर त होला,
बदनामै भएर पनि
गुमनाम हुन चाहँदैनन्
कलिका शिवहरू ।

## फाँडे जाउलोको खोजीमा



✍श्यामकृष्ण लम्साल

फाँडे जाउलोको खोजीमा
आदिम युगबाट आधुनिक भनिएको
सभ्यताको यात्रा गर्ने क्रममा
हाम्रा पूर्वजहरूले
भस्मे र खोरिया फाँडेकै हुन् रे,
जंगलको रुखको बोक्रा र कन्दमूल
त्यागेको भ्रममा
गृहस्थी जीवनको थिति बाँधेका थिए रे !

अहिले पनि फाँडे जाउलोको खोजीमै
भएको घर भत्काउँदै
कहिले आफ्नो माटोसँग लाप्पा खेल्दै
कहिले खाडी, युरोप, अमेरिकातिर हड्डी घोट्दै
कहिले मरुभूमिमा बाफिँदै
छटपटाइरहेको सुन्नु, बुझ्नुपर्दा
आजको मान्छे कसरी आधुनिक भयो त ?

हाम्रा अग्रजहरूले हलो जोत्थे रे,
हामी शिरदेखि तीरसम्म जोतिरहेका छौं
सपनाको घडेरीमा सपनाकै बिल्डिङ ठोक्छौं
जानेसम्मको अलेखा सपना जोड्ने प्रयत्न गर्छौं
तर पनि संसारमै किन गरिब ठहरिन्छौं ?

आखिर जन्मजन्म
फाँडे जाउलोमै संघर्ष गरिरहनुपर्ने भए
आजको मान्छे
कसरी आधुनिक हुन पुग्यो हँ ?

## गजल

✍ डा. बच्चु कैलाश कैनी

आफ्नै देशदेखि आजकल म दुर भएकोछु
समयसँगै बिदेशमा बस्दा म बेसुर भएकोछु ।

आफ्नै मान्छेको पनि कत्ति याद छैन मलाई
कामको बोझले गर्दा म एकसुर भएकोछु ।

भनिन्छ समय र नियतीले बदलिन्छ मान्छे
आजकल आफ्नै बेदनाले म क्रुर भएकोछु ।

लाग्छ मेसिन हुँ म एकनासले सधैं चलिरहने
पैसाको पछि लाग्ने यहाँ म मजदुर भएकोछु


यस्तै रहेछ भावीले लेखेको मेरो भाग्य हजूर
परदेशी यो दुनियाँमा म महसुर भएको छु।

## चित्रकला



दिपशना थापा
कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

# संसदमा गृहमन्त्रीविरुद्ध खनियो कांग्रेस



काठमाडौं/प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको राजीनामा माग गर्दै प्रतिनिधि सभाको बैठक अवरोध गरेको छ । विगतका दुईवटा बैठकमा लामिछानेमाथि प्रश्न उठाएएर प्रधानमन्त्रीसँग जवाफ मागेको कांग्रेसले शुक्रबार भने राजीनामा नै मागेर प्रतिनिधि सभाको बैठकलाई कार्यसूचीमा प्रवेश गर्न दिएन ।

२१ फागुनमा एमाले-माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीबीच नयाँ सत्ता समीकरण बनेपछि लामिछाने २३ फागुनमा गृहमन्त्री बनेका थिए । त्यसलगत्तै, कांग्रेसले सहकारी ठगी प्रकरणमा लामिछानेमाथि अनुसन्धान भइरहेको भन्दै उनीमाथि प्रश्न उठाउन थालेको हो ।

शुक्रबारको बैठकमा त कांग्रेस सांसदहरुले प्रतिनिधि सभाको बैठकमा वेल नै घेराउ गरे । गृहमन्त्रीको राजीनामा माग्दै नाराबाजी गरे । बिहान ११ बजे बैठक सुरु हुनेबित्तिकै सभामुखसँग समय समय लिएर बोल्दै सांसद प्रदीप पौडेलले गृहमन्त्री लामिछानेको राजीनामा मागे ।

लामिछाने सहकारी ठगीको आरोपमा अनुसन्धानको घेरामा रहेको भन्दै उनले भने, ‘म आग्रह गर्न चाहन्छु-मेरा माननीय मित्र गृहमन्त्रीज्यूलाई उच्च नैतिकताको आधारमा राजीनामा दिएर उदाहरण प्रस्तुत गर्नुस् ।’

शुक्रबार प्रतिनिधि सभामा गृहमन्त्री लामिछानेले राजनीतिक दल सम्बन्धी ऐनको संशोधन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची थियो । सभामुख यो कार्यसूचीमा प्रवेश गरेपछि कांग्रेस सांसदहरुले उठेर फेरि अवरोध गरे । सभामुखले समय दिएपछि पार्टीका तर्फबाट बोल्दै सांसद राजेन्द्र केसीले रवि लामिछानेको सम्बन्धमा प्रधानमन्त्रीले जवाफ नदिएसम्म गृहमन्त्री स्वीकार नगर्ने बताए ।

उनले भने, ‘गृहमन्त्री रवि लामिछानेजी सहकारी पीडक हुनुहुन्छ । पीडितहरू हजारौं संख्यामा सडकमा रोइरहनुभएको छ । यस्तो अवस्थामा जबसम्म प्रधानमन्त्रीले हाउसमा आम नेपाली जनतालाई आश्वस्त पार्न सक्नुहुन्न तबसम्म हाउस चल्न सक्दैन ।’

लामिछानेविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा सूर्यदर्शन सहकारीका पीडितहरूले उजुरी दिएका छन् । केसीले यो प्रकरणको अनुसन्धान नसकिएसम्म गृहमन्त्रीलाई विश्राम लिन आग्रह गरे । ‘ठीक भएको अवस्थामा आउनुहोला । होइन भने हामी कुनै पनि हालतमा तपाईंलाई गृहमन्त्री स्वीकार्नेवाला छैनौं’, केसीले भने ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले आफू सदस्य नभएको सहकारीबाट ऋण लिएर गाडी किनेको आफ्नो जानकारीमा रहेको सांसद केसीले बताए । कांग्रेसले गृहमन्त्रीले विधेयक पेश गर्ने कार्यसूची अघि बढ्न नदिएपछि सभामुख देवराज घिमिरेले १५ मिनेटका लागि बैठक स्थगित गरे ।

त्यसपछि बसेको बैठकमा पनि कांग्रेस सांसदहरु उठेर अवरोध गरे । अवरोधका बीच सभामुख घिमिरेले गृहमन्त्रीलाई राजनीतिक दल सम्बन्धी ऐनको संशोधन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिए । गृहमन्त्री लामिछाने आफ्नो सिटबाट उठ्न नपाउँदै कांग्रेस सांसदहरुले वेल घेराउ गरे ।

वेलमा घेराउ गर्दै कांग्रेस सांसदहरुले ‘सहकारी पीडितलाई न्याय दे, सहकारी ठग्न पाइँदैन्, गृहमन्त्री राजीनामा दे’ भनी नारा लगाए । कांग्रेसले वेल घेर्दै नाराबाजी गरेपछि सभामुखले आइतबारसम्मका लागि बैठक स्थगित गरिदिए ।

**नियुक्तिदेखि नै लगातार प्रश्न**

२४ फागुनकै बैठकमा कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले लामिछानेको नियुक्तिलाई लिएर प्रधानमन्त्रीको जवाफ मागेका थिए । ‘कुनै मन्त्रीमाथि प्रश्न उठ्यो भने राजीनामा गर्नुपर्छ भनेर यहाँ सदन अवरुद्ध भएको छ । त्यो बालकुमारी घटनामा होस् या अरु घटनामा होस्’ उनले भनेका थिए, ‘मेरो आशा छ- नियुक्त भएर आउनुभएका नयाँ मन्त्रीहरु कुनै ठाउँबाट कुनै किसिमको अनुसन्धानमा नपरेका होलान् । यदि परेका छन् भने त्यसपछि सदन के हुन्छ भन्ने कुराको जवाफ प्रधानमन्त्रीले दिँदा राम्रो हुन्छ ।’

३० फागुनको बैठकमा पनि कांग्रेसका सांसदहरुले लामिछानेमाथि प्रश्न उठाएका थिए । त्यसदिन प्रतिनिधि सभाको बैठक सुरु भएलगत्तै आकस्मिक समय लिएर कांग्रेसकी सचेतक सुशीला थिङले प्रधानमन्त्रीले विवादित व्यक्तिहरुलाई मन्त्री बनाएको भन्दै जवाफ मागेकी थिइन् ।

“प्रधानमन्त्रीले सहकारी ठगीमा जोडिएका, पोखरा महानगर पालिकाले प्रतिवेदन दिएर अनुसन्धानमा रहेकालाई गृहमन्त्री बनाएर ल्याउनुभएछ’, उनले भनेकी थिइन्, ‘के नेपाल प्रहरीले गृहमन्त्रीज्यूलाई स्यालुट गर्दै अनुसन्धानमा आफ्नो मुद्दामा आफैंलाई दोषी हो भन्ने ठहर हुने गरी अनुसन्धान होला कि नहोला ?’

आफ्नो मुद्दामा आफैँ न्यायाधीश हुने गरी लामिछानेलाई गृहमन्त्रालयको जिम्मेवारी दिइएको भन्दै उनले प्रधानमन्त्रीले जवाफ दिनुपर्ने बताएकी थिइन् । कांग्रेसका प्रमुख सचेतक रमेश लेखक आफूहरु संसदमा आकस्मिक रुपमा प्रस्तुत नभएको बताउँछन् । गत ६ देखि १८ फागुनसम्मको संसदको बैठकमा नेकपा एमालेले विवादित मन्त्रीबारे प्रधानमन्त्रीको जवाफ मागेको थियो ।

कोरियाली भाषा परीक्षालाई लिएर युवाहरुले गरेको प्रदर्शनका क्रममा प्रहरी कारबाहीमा दुई जनाको मृत्यु भएको घटनामा जाँचबुझ आयोगले तत्कालीन भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वालालाई कारबाही सिफारिस गरेको थियो । त्यस्तै तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतसँग दूरसञ्चार प्राधिकरणले खरिद गरेको टेरामक्स प्रविधिका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वयान लिएको थियो ।

तत्कालीन प्रतिपक्षी नेकपा एमालेले यी दुई मन्त्रीका विषयमा जवाफ मागेर लगातार संसद अवरोध गरेपछि सभामुख देवराज घिमिरेले प्रधानमन्त्रीलाई जवाफ दिन रुलिङ गरेका थिए ।

अहिले कांग्रेसले आफूहरुले पनि विवादित मन्त्रीबारे प्रश्न उठाउँदा सभामुखबाट समान व्यवहार नभएको भन्दै सभामुखमाथि पनि प्रश्न उठाएको छ । सभामुखले १८ फागुनको प्रतिनिधिसभा बैठकमा एमालेले उठाएको प्रश्नको २३ फागुनमा जवाफ दिन प्रधानमन्त्रीलाई रुलिङ गरेका थिए ।

तर, २१ फागुनमै माओवादीले एमालेसहितका दलसँग नयाँ सत्ता समीकरण बनाएपछि सबै मन्त्रीहरु बर्खास्तीमा परे, संसदमा मन्त्रीबारे उठेका प्रश्नको जवाफ नै दिनुपरेन । २४ गतेको बैठकमा प्रधानमन्त्री प्रचण्डले राजनीतिक समीकरण परिवर्तनसँगै सांसदहरुको केही प्रश्नको जवाफ मिलेको बताएका थिए । उदाहरण दिँदै प्रचण्डले भनेका थिए, ‘बालकुमारी घटनाका सम्बन्धमा भनिएका विषयहरु सरकारको पुनर्गठनसँगै एकहदसम्म सम्बोधित भइसकेका छन् ।’

त्यही दिनबाट प्रमुख प्रतिपक्षमा बसेको कांग्रेसले प्रधानमन्त्रीको यो अभिव्यक्तिमा टेकेर प्रश्न उठेका मन्त्रीहरुलाई मन्त्रि परिषदमा नराख्न आग्रह गरेको थियो । कांग्रेस सचेतक सुशीला थिङले आरोपित मन्त्रीबारे प्रधानमन्त्री जवाफ दिनबाट भाग्न नसक्ने बताइन् ।

विगतमा विवादित मन्त्रीबारे प्रश्न उठाएको एमालेका प्रमुख सचेतक महेश बर्तौला यसपटक कांग्रेसले गृहमन्त्रीमाथि उठाएको प्रश्न असान्दर्भिक भएको जिकिर गर्छन् । उनले अहिले नियुक्त भएका मन्त्रीलाई १०० दिनसम्म समय दिनुपर्ने बताए । ‘कांग्रेसले यति पनि धैर्यता राखेको छैन, यो लोकतन्त्रको समान्य मान्यता विपरीत छ’, उनले भने ।

आफूहरुले विगतमा विवादास्पद मन्त्रीबारे उठाएको प्रश्न र कांग्रेसले अहिले उठाएको प्रश्न उस्तै नभएको पनि बर्तौलाले बताए ।

‘सरकारमा हुँदा उहाँहरुले नै बनाएको आयोगले दोषी किटान गरेका कारण हामीहरुले प्रश्न उठाएका हौं । अर्का एक मन्त्रीले अख्तियारमा गएर बयान नै दिइसकेको अवस्थामा प्रश्न उठाएको हो । अहिलेको गृहमन्त्रीको हकमा कुनै पनि निकायले अनुसन्धान गरेर कुनै कसुर पुष्टि गरेको होइन’ उनी भन्छन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पनि कांग्रेसले प्रतिशोधको राजनीति गरेको आरोप लगाइन् । शुक्रबार मन्त्रिपरिषदको बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै उनले भनिन्, ‘जुन ढंगले राजीनामा माग भएको छ, यो राजनीतिक प्रतिशोधको कुरा जस्तो हामीलाई लागिरहेको छ,‘उहाँहरु सबैले गम्भीरतापूर्वक सुन्नुपर्‍यो, आलोचना र समर्थन कामका आधारमा गर्नुपर्‍यो ।’

*(स्रोत: अनलाइनखबर)*

# चैत ७ गतेदेखि ‘नेपाल-युरोपियन यूनियन फिल्म फेस्टिभल’ हुने




काठमाडौं/‘नेपाल-युरोपियन यूनियन फिल्म फेस्टिभल’को १३औं संस्करण यही चैत ७ गतेदेखि १० गतेसम्म आयोजना हुने भएको छ । शुक्रबार लाजिम्पाटस्थित ‘डेलिगेसन अफ द युरोपियन यूनियन टु नेपाल’को कार्यालयमा पत्रकार सम्मेलनमार्फत् फेस्टिभलको बारेमा जानकारी गराइयो । युरोपियन युनियनकी उपप्रमुख डा. जोएल इभोनेटले नेपालसँग दौत्य सम्बन्ध स्थापनाको ५० वर्षको छेको भएकाले यसपटकको संस्करण महत्त्वपूर्ण हुने बताइन् ।

अभिनेत्री उपासना सिंह ठकुरीलाई दूत (एम्बास्डर) नियुक्त गरिएको महोत्सव काठमाडौंको सुन्धारास्थित सीडीसी सिनेमामा आयोजना हुनेछ । महोत्सवको ओपनिङ फिल्मको रुपमा मार्टीन म्याकडोनागले निर्देशन फिल्म ‘द ब्यानशीस अफ इनीशेरीन’ देखाइनेछ भने त्यसपछि शान्ता नेपाली निर्देशित फिल्म ‘डाय ड्रिम्स’ प्रदर्शन गरिनेछ । महोत्सवको हरेक स्क्रिनिङ्गमा एउटा नेपाली र अर्को युरोपियन फिल्म प्रदर्शन हुनेछन् ।

महोत्सवमा प्रदर्शन हुने युरोपियन फिल्महरुमा ‘द ब्यानशीस अफ इनीशेरीन’ (आयरल्याण्ड) सहित मेरियन ब्लिचर निर्देशित ‘मिस भिर्बोग’ (डेनमार्क), इम्यानुएल परभु निर्देशित ‘मिकादो’ (रोमानिया, चेज रिपब्लिक), पिलर पालोमेरो निर्देशित स्कुल गर्लस’ (स्पेन), एन्टोनियो लुकीच निर्देशित ‘लक्जेम्बर्ग लक्जेम्बर्ग’ (युक्रेन), इभान ओस्ट्रोचोभ्स्की निर्देशित ‘सरभेन्टस’ (चेज रिपब्लिक, आयरल्याण्ड, रोमानीया, स्लोभाकीया), भिक्टर बोजिनोभल निर्देशित ‘द नेकेड ट्रुथ अवाउट झिगुली ब्याण्ड’ (बुल्गेरीया), जाइदा बरग्रोथ निर्देशित ‘टोभ’ (फिनल्याण्ड) र रोड्रिगो सोरोगोएन निर्देशित ‘द बीस्ट’ (स्पेन) छन् ।

यसैगरी नेपाली फिल्महरु ‘डाय ड्रिम्स’सहित गोपाल आचार्य निर्देशित ‘डिभिनेसन्’ (आखत), समाल बज्राचार्य निर्देशित ‘हावाम्यान’, निमा गेलु शेर्पा निर्देशित ‘काठमाडौं मनसुन’, अतिन श्रेष्ठ निर्देशित ‘मखमली उडान’, र जिन महर्जन निर्देशित ‘लेट्स टक् पिरियड’, मिराज रोशन ठकुरी निर्देशित ‘रातो पछ्यौरी’, आकांक्षा कार्की निर्देशित ‘सनाई’, स्वोयन मास्के मानन्धर निर्देशित ‘द बुल’, ‘द काउ’, ‘द काल्फ’, सन्तोष दाहाल निर्देशित ‘द मिराज’ र अनिल कुर्मी निर्देशित ‘रिल’ प्रदर्शन हुनेछन् ।

‘नेपाल-युरोपियन यूनियन फिल्म फेस्टिभल’ आगामी १० र ११ अप्रिलमा सुदूरपश्चिम प्रदेशमा समेत हुने भएको छ । सुदूरपश्चिम विश्वविद्यालयको हलमा फिल्महरु प्रदर्शन गरिनेछ । यसका साथै अप्रिल १५ मा लुम्बिनी प्रदेशको नेपालगञ्ज तथा १९ र २० अप्रिलमा कर्णाली प्रदेशको सुर्खेत विरेन्द्रनगरमा पनि महोत्सव आयोजना हुनेछ ।

# राजेश हमालको तारिफमा ओलीले भने- ‘ह्यान्डसम र विद्वान् हुनुहुन्छ’



काठमाडौं/बिहीबारदेखि नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को सातौं संस्करण काठमाडौंमा सुरु भएको छ । महोत्सवमा ४० देशका ८८ फिचर, लघु र वृत्तचित्र प्रदर्शनसँगै विभिन्न छलफल सत्र पनि आयोजना गरिएको छ । शुक्रबार राष्ट्रिय सभागृहमा पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली र अभिनेता राजेश हमालले करिब २ घण्टा फिल्म र अन्य विषयमा केन्द्रित भएर संवाद गरे ।

छलफलको क्रममा हमालले ओलीलाई कस्तो फिल्म मनपर्छ भनेर प्रश्न गरेका थिए । जवाफमा ओलीले राम्रो फिल्म मनपर्ने बताए । कस्तो फिल्मलाई राम्रो भन्नुहुन्छ भन्ने हमालको प्रश्नमा उनले भने, ‘त्यसको तीनवटा पक्ष हुन्छ । एउटा, देशभक्तिपूर्ण फिल्म । दोस्रो, चेतनामुलक र जागरणमुलक । तेस्रो, मनोरञ्जनात्मक फिल्म ।’ तीनटै शैलीका फिल्मको आ-आफ्नै विशेषता हुने उनको बुझाई छ ।

‘नालापानी’लाई देशभक्ति फिल्मको उदाहरण दिँदै ओलीले भने, ‘विदेशीले आफ्नो देश कब्जा गर्न खोज्दा त्यसविरुद्ध नेपालीहरुले बहादुरीपूर्वक लडेका छन् । यो देशभक्ति फिल्म हो । धेरै देशमा पनि यस्ता फिल्म बनेका छन् । जागरणका फिल्म पनि हेर्ने गर्छु । पछिल्लो समयमा आएका ‘छक्का पञ्जा’ जस्ता फिल्ममा देशभक्ति वा जागरणभन्दा पनि मनोरञ्जन पक्षलाई प्रधानता दिइएको छ ।’

संवादको क्रममा उनले हमालको मनपर्ने विशेषता र गुणको समेत प्रशंसा गरे । ‘उहाँ ह्यान्डसम हुनुहुन्छ । विद्वान् हुनुहुन्छ । सालिन हुनुहुन्छ । गुड म्यानरको व्यक्ति हुनुहुन्छ,’ ओलीले अगाडि भने, ‘राम्रो अभिनयकर्ता हुनुहुन्छ । अभिनय गरेको बेला आफू को थिएँ भन्ने नै विर्सिनुहुन्छ । समाजसँग घुलमिल हुन उहाँ असाध्यै सिपालु हुनुहुन्छ । यिनै विशेषता र गुणले मलाई राजेश हमाल मनपर्छ ।’

हमालले भने ओलीको जीवन प्रेरणादायक रहेको बताए । ओलीको प्रशंसामा उनले भने, ‘मैले उहाँको जति जीवन संघर्ष बुझेको छु, त्यसबाट के भन्न सक्छु भने उहाँबाट हामीले प्रेरणा लिन सक्छौं । उहाँ हरेक वातावरणमा सहज भइदिनुहुन्छ । चाहे कलाकार होस् वा राजनीतिज्ञ, सबै व्यक्तिसँग त्यही हिसाबले प्रस्तुत हुन सक्नुहुन्छ । उहाँको जस्तो खुबी मैले सबै राजनीतिकर्मीमा देखेको छैन ।’

ओलीले पहिलोपटक नेपाली फिल्म हेरेको पनि स्मरण गरेका थिए । ‘२०२० सालमा मलाई दुईटा कुरा हेर्न मन लाग्यो । एउटा रेल र अर्को फिल्म । रेल गलगलिया (भारतको बिहार) गएर हेरेँ,’ पूर्वप्रधानमन्त्री ओलीले पहिलोपटक नेपाली फिल्म हेरेको स्मरण गर्दै भने, ‘त्यसबेला झापा र सुनसरीमा गरी दुईवटा हल खुलेको थियो । एउटामा ‘आमा’ फिल्म हेरेँ र अर्कोमा ‘माइतीघर’ हेरेको थिएँ ।’

# विदेशमा सडक दुर्घटनामा नेपाली श्रमिकको मृत्युदर बढेको बढ्यै

काठमाडौं/कुवेतमा मंगलबार विहान भएको सवारी दुर्घटनामा तीन जना नेपालीको मृत्यु भयो । महाबुल्ला क्षेत्रको सडकमा बाटो काट्ने क्रममा पापाजोन कम्पनीमा कार्यरत काठमाडौं सानो भर्‍याङका सुजन कार्की, पन्चदेवल विनायक-५ अछामका सुरतबहादुर कडायत र धनुषाका धिरज गुर्मछानेलाई कारले ठक्कर दिएर ज्यान लियो ।

यसैपनि नेपालभित्रका सडकमा हुने सवारी दुर्घटनाहरुमा हुने मृत्युको तथ्याङ्क अत्यासलाग्दो छ । तर, रोजगारीका लागि विदेश पुगेका नेपालीहरु पनि विदेशका सडकमा अकालमा मृत्युवरण गरिरहेका छन् । विदेशमा सडकसम्बद्ध दुर्घटना कम भइरहँदा त्यस्ता घटनामा नेपालीहरूको मृत्युदर बढ्दो छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार पूर्वसावधानी तथा सुरक्षा र नियमहरुको पालनालाई प्रत्याभूत गर्ने हो भने धेरैजसो सवारी दुर्घटनाबाट हुने मृत्यु र गम्भीर घाइते हुने समस्यालाई टार्न सकिन्छ । त्यसका लागि सडक, सवारी, सडक पेटीका प्रयोगकर्तादेखि राज्यसंयन्त्र सबै गम्भीर बन्नुपर्नेमा संगठनको जोड छ ।

विभिन्न देशहरुले सवारी दुर्घटना र त्यसबाट हुने क्षतिलाई कम गर्न विभिन्न काम गरिरहेका बेला विदेशमा श्रमका लागि पुगेका नेपालीको सवारी दुर्घटनाबाट हुने मृत्युको दर भने बढिरहेको सरकारी अधिकारीहरू बताउँछन् ।

श्रमका लागि नेपाल छाडेर विकासशील देशमा काम गर्न पुगेका नेपालीहरुले ती देशमा पनि ठूलो संख्यामा सवारी दुर्घटनामा ज्यान गुमाइरहेको सरकारी तथ्याङ्कले देखाउँछ । वैदेशिक रोजगार बोर्डकाअनुसार नेपालबाट विदेश जाने नेपालीहरुको संख्या र मृत्युदर जसरी बढिरहेको छ, त्यसैगरी विदेशमा यस्ता सवारी र सडक दुर्घटनामा ज्यान गुमाउने नेपालीको संख्या पनि उच्च दरमा बढेको छ ।

पछिल्ला १५ वर्षका बीचमा विदेशमा पुगेका १ हजार ५ सय २ नेपालीले सडक दुर्घटनामा ज्यान गुमाएको सरकारी तथ्याङ्क छ । आर्थिक वर्ष २०६५/६६देखि २०७९/८०सम्म वैदेशिक रोजगारीमा गएका १५ सयभन्दा धेरैले सडक तथा सवारी दुर्घटनामा अकाल मृत्युवरण गरेका छन् ।

तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६५/६६मा विभिन्न देशमा मृत्यु हुनेको संख्या ८ मात्रै थियो । त्यसपछि यो संख्या क्रमश: बढ्दै गयो । २०६६/६७मा ६७ जनाको सवारी दुर्घटनामा ज्यान गयो भने २०६७/६८मा ६०, २०६८/६९मा १०१ र २०६९/७०मा १०४ जना नेपालीको मृत्यु भयो ।

आर्थिक वर्ष २०७०/७१ मा विदेशको सडकमा ज्यान गुमाउनेको संख्या ११२ थियो भने २०७१/७२मा १२१, २०७२/७३मा १०३, २०७३/७४मा १२२ र २०७४/७५मा १२७ थियो । आर्थिक वर्ष २०७५/७६मा ११५, २०७६/७७ मा ७६, २०७७/७८मा ११४, २०७८/७९मा १२९ र २०७९/८०मा १४३ थियो । यो तथ्याङ्कमा अवैध रुपमा विदेश पुगेर सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या सामेल छैन ।

वैदेशिक रोजगार बोर्डका निर्देशक तथा प्रवक्ता टीकाराम ढकाल बोर्डसँग भएको तथ्यांक सरकारको जानकारीमा आइपुगेको संख्यामा मात्र आधारित भएको बताउँछन् । अवैध रूपमा विदेशिएर मृत्यु वा बेपत्ता हुनेको संख्या झन् कति भए भन्ने थाहा नभएको उनले बताए ।

त्यसैले वास्तविक आँकडा खोज्ने हो भने यस्तो मृत्युदर को तथ्याङ्क अझ भयावह देखिनसक्ने अधिकारीहरु बताउँछन् ।

सरकारी तथ्यांकअनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको मृत्युको कारकमा कार्डिक अरेस्ट (सुतेकै ठाउँमा हुने मृत्यु) र हृदयघातपछि सवारी दुर्घटना तेस्रो स्थानमा छ । विदेशमा हुने कुल मृत्युको करिक २० प्रतिशत हिस्सा सडक दुर्घटनाबाट हुने मृत्युदरको छ । सवारी दुर्घटनाका कारण सबैभन्दा धेरै नेपालीको मृत्यु साउदीअरेबिया र कतारमा हुने गरी वैदेशिक रोजगार बोर्डको सचिवालयको तथ्यांकले देखाउँछ ।

२०६५देखि २०७९सम्म फदयघातबाट २ हजार २५८, प्राकृतिक मृत्युबाट २ हजार २३२, विभिन्न रोगहरूबाट १ हजार ४९५, आत्महत्याबाट १ हजार २८३, कार्यस्थल दुर्घटनाबाट ७७८ जना श्रमिकको मृत्यु भएको छ । त्यसबाहेक हत्या र अन्य विभिन्न कारणले मृत्यु हुने गरेको देखिन्छ ।

वैदेशिक रोजगार मामिलामा विज्ञ रामेश्वर नेपाल विदेशमा सवारी दुर्घटनाबाट हुने मृत्युको दर घटाउन सकिने बताउँछन् । उनका अनुसार वैदेशिक रोजगार अभिमुखीकरण कक्षालाई अनिवार्य गर्ने र त्यसमा विदेशमा हुनसक्ने सवारी दुर्घटनाबाट जोगिने उपायहरुबारे सिकाउनुपर्ने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# लघुवित्त समस्या समाधान गर्न कार्यदल गठन



काठमाडौं/अर्थमन्त्री वर्षमान पुनले लघुवित्तको समस्या पहिचान गरी समाधान गर्न सात सदस्यीय कार्यदल गठन गरेका छन् । मन्त्री पुनले शुक्रबार साँझ नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको नेतृत्वमा सात सदस्यीय समिति गठन गरेका हुन् ।

समितिमा राष्ट्र बैंकको लघुवित्त क्षेत्र हेर्ने कार्यकारी निर्देशक, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र हेर्ने सहसचिव र सोही क्षेत्र हेर्ने उपसचिव सदस्य छन् । यस्तै कार्यदलमा लघुवित्त विरोधी संघर्ष समितिका तर्फबाट पुनाराम (मनिराम) ज्ञवाली, क्षेत्रबहादुर मोक्तान र लुजा राई छन् ।

कार्यदल संयोजकको नाम भने डेपुटी गभर्नर मध्येबाट राष्ट्र बैंकले तोक्ने मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिए । कार्यदललाई लघुवित्तका समस्या निर्धारण गरी ६० दिनभित्र प्रतिवेदन बुझाउन कार्यदिश तोकिएको मन्त्री पुनले जानकारी दिए । कार्यदललाई लघुवित्त विरुद्ध आन्दोलनरत पक्षको मागबारे स्थलगत अध्ययन गरी समाधानका विकल्पसहित काम सुरु गरेको ६० दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ ।

कार्यदलको प्रतिवेदनका आधारमा लघुवित्त वित्तीय संस्थाको नियमन तथा सुधारका लागि आवश्यक नीतिगत तथा कानुनी सुधारका प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ । लघुवित्त विरोधी संघर्ष समितिले २०७२ सालको महाभूकम्प, नाकाबन्दी तथा कोभिड-१९ को समस्या एवम् लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह एवम् असुली गर्दा पालना गर्नुपर्ने कार्यविधि तथा निर्देशन विपरीत कार्य गरेको समेत कारणले समयमा किस्ता बुझाउन नसक्ने ऋणीहरुको साँवा, ब्याज, शुल्क, जरिवाना, कालोसूची एवम् धितो फुकुवा, पीडितको पुनर्स्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपाङ्गता, दीर्घ रोगी) वास्तविक पीडितको कर्जा मिनाहा लगायत माग राखेर लामो समयदेखि आन्दोलन गर्दै आएको थियो ।

अर्थमन्त्रीमा नियुक्त भएसँगै पुनले मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख सहसचिव नारायणप्रसाद रिसाल नेतृत्वको वार्ता टोलीलाई आन्दोलनरत पक्षसँग तत्काल वार्ता गर्न निर्देशन दिएका थिए । पुनको निर्देशनमा रिसाल नेतृत्वको वार्ता टोलीले बिहीबार र शुक्रबार आन्दोलनरत पक्षसँग वार्ता गरेको थियो । सरकार र आन्दोलनकारीबीच ६ बुँदे सहमति समेत भएको थियो ।

सहमतिको ५ नम्बर बुँदामा समस्या पहिचान गरी समाधानको उपाय दिन कार्यदल बनाउने उल्लेख थियो । सहमतिसँगै आन्दोलनरत पक्षले शुक्रबारदेखि नै काठमाडौं केन्द्रित आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएको छ ।

# ‘पूजार सार्की’ : आर्यनको लुक्स सार्वजनिक गर्न लिकको फन्डा

काठमाडौं/यतिबेला ‘स्टारकास्ट’का कारण चर्चामा रहेको फिल्म हो, ‘पूजार सार्की’ । यसमा तीन अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहले पहिलोपटक एकसाथ काम गरेका छन् । जातीय विभेदविरुद्धको कथामा आधारित यो फिल्ममा प्रदीप दलित युवकको भूमिकामा छन् । दमाहा बजाउने दमाई पात्रमा उनले अभिनय गरेका छन् । केही दिनअघि सार्वजनिक उनको लुक्स चर्चामा छ ।

यसैबीच, फिल्मको सेटबाट आर्यनको चरित्रचित्रण हुने भिडियो सार्वजनिक भएको छ । सामाजिक सञ्जालमा भाइरल भइरहेको २४ सेकेन्ड लामो भिडियोमा आर्यन दमाहा र पञ्चेबाजाको तालमा नाचिरहेका छन् । ढाकाटोपी लगाएका उनको लामो टुप्पी देखिन्छ । यसबाट फिल्ममा उनी पूजारीको भूमिकामा रहेको प्रष्ट बुझिन्छ । भिडियोको पृष्ठभूमिमा प्रदीप जोडसित दमाहा बजाइरहेका छन् ।

निर्देशक दिनेश राउतका अनुसार, आर्यनको ‘लुक्स’ भिडियो फिल्मको सेटबाट कसैले खिचेर लिक गरिदिएका हुन् । तर, यो लिक नभइ नियोजित देखिएको छ । प्रदीपका नजिक व्यक्ति मानिने सन्तोष कार्कीले आफ्नो युट्युब च्यानलमा भिडियो अपलोड गरेका हुन् । र, प्रदीपले भिडियो सेअर गर्दै ‘पूजार लिक्ड भयो’ भन्दै आश्चर्य जनाएका छन् । तर, यो टिम आफैंले गरेको फन्डा देखिन्छ ।

एक महिनादेखि फिल्मको कास्की जिल्लास्थित कास्कीकोटमा छायाङ्कन भइरहेको छ । फिल्ममा आर्यनको जोडी अन्जना बराइली र प्रदीपको जोडी परीक्षा लिम्बूसँग बाँधिएको छ । फिल्मलाई विकास सुवेदीले लेखेका हुन् भने संगीतकार सुवास भुसाल निर्माताको रुपमा छन् । सुवासको यो पहिलो निर्माण हो ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकसय २४ जनालाई जग्गाधनी पूर्जा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/राष्ट्रिय भूमि आयोग मकवानपुरले एकसय २४ जनालाई जग्गाधनी पूर्जा वितरण गरेको जनाएको छ । शुक्रबार हेटौंडामा पत्रकार सम्मेलन गरी आयोग गठन भएको यो अवधिमा एकसय २४ जनालाई जग्गाधनी पूर्जा वितरण गरेको जनाएको हो ।

आयोगले बागमती गाउँपालिकाका ४ र बकैया गाउँपालिकाका २ गरी ६ जना भूमिहिन दलितलाई जग्गाधनी पूर्जा प्रदान गरेको छ । आयोगले बागमतीका ३५ र बकैयाका ९ गरि ४४ भूमिहिन सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरण गरेको छ । त्यस्तै, हेटौंडा उपमहानगरपालिका भित्रका ६९ र बागमती गाउँपालिकामा ५ गरी ७४ अव्यवस्थित बसोबासीलाई पूर्जा वितरण गरेको भूमि आयोग मकवानपुर अध्यक्ष विष्णुप्रसाद दाहालले बताए ।



भूमिहिन दलित र सुकुम्बासीलाई नि:शुल्क र अव्यवस्थित बसोबासीलाई जिल्ला समितिको निर्णयले निर्धारण गरेको राजस्व दाखिला गराई पूर्जा वितरण गर्दै आएको उनले जानकारी दिएका छन् । राष्ट्रिय भूमि आयोगको सूचना प्रणालीमा मकवानपुरका स्थानीय तहले तीनसय ४० भूमिहिन दलित, दुई हजार दुई सय ६० भूमिहिन सुकुम्बासी, १४ हजार ६ सय ५० अव्यवस्थित बसोबासी र सट्टाभर्ना २ जना गरी १७ हजार २ सय ५२ निवेदनको तथ्यांक प्रविष्ट गरेको आयोगका विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाईले बताए ।

जग्गा दर्ता तथा पूर्जा वितरणका लागि बकैयाँ गाँउपालिकाबाट ४३ भूमिहिन दलित तथा सुकुम्बासीको विवरण स्वीकृत भएर आएको जनाइएको छ । आयोगले हेटौंडाको वडा नम्बर ११, ९ र ७ को ८ सय भन्दा बढी, बागमतीको १, २ र ६ को एक सय ४० भन्दा बढीलाई पूर्जा वितरणको तयारी भइरहेको छ भने बकैयाँ गाँउपालिकामा नापनक्सा कार्य भइरहेको जनाएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता एवम् भूमि आयोग मकवानपुर अध्यक्ष दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा आयोगका विज्ञसदस्य चौलागाईं, सदस्य अरुण रायमाझी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सरोज पौडेल, जिल्ला समन्वय अधिकारी सूर्यप्रसाद चापागाईं, वन कार्यालयका वन अधिकृत बसन्तराज गौतम, मालपोत कार्यालय मकवानपुरका प्रमुख ओमबहादुर अधिकारी, सचिव नापी कार्यालय मकवानपुरका प्रमुख खिमबहादुर रानालगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडामा प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ मकवानपुर उद्योग वाणिज्य संघ, महिला उद्यमी विकास समितिको आयोजनामा शुक्रबारदेखि हेटौडामा प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी सुरु भएको छ ।

हेटौंडाको पल्पसा सदनमा आयोजना गरिएको प्रदर्शनी उद्घाटन गर्दै बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले महिलालाई घरबाट बाहिर निस्कन र सामाजिकरुपमा अघि बढ्न चुनौती रहेको अवस्थामा यस्तो कार्य गर्नु उत्साहजनक भएको बताइन् ।

उद्यमशीलताको क्षेत्रमा महिलालाई प्रोत्साहित गर्न स्थानीय तहमार्फत् गरिने काम प्रभावकारी हुने भन्दै मन्त्री मोक्तानले बागमती प्रदेश सरकारले उद्यमशीलतालाई जोड दिन, दक्ष जनशक्ति निर्माण गर्न, बजार व्यवस्थापन गर्न, महिला उद्यमी लक्षित कार्यक्रम गर्ने योजना बनाएको बताइन् । उत्पादनको गुणस्तर बढाएर दिगो आयआर्जनको स्रोत बनाउन बागमती प्रदेशको उद्योग मन्त्रालयमार्फत् काम भइरहेको बताउँदै उनले यस्ता कार्यक्रमको लागि आफ्नो तर्फबाट सहयोग रहने स्पष्ट पारिन् ।




कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले उद्योगी व्यवसायीको हकहितको संरक्षण गर्दै जिल्लाको आर्थिक सामाजिक विकासमा सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गरी अर्थतन्त्रलाई नै सबल र सुदृढ बनाउन प्रर्दशनीले भूमिका निर्वाह गर्ने बताए । विश्वव्यापी आर्थिक मन्दीको कारण लगानी र उत्पादन संकुचित भइरहेको अवस्थामा राज्यले बैंकको व्याजदर नियन्त्रण गर्न आवश्यक रहेका बताउँदै गुप्ताले बदलिंदो व्यावसायिक वातावरणलाई समयानुकूल सम्बोधन गर्न र नवप्रवर्तन तथा उद्यमशीलतालाई प्रवर्द्धन गर्न आवश्यक रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमन्त्री तथा प्रदेश सांसद एकालाल श्रेष्ठले महिला उद्यमीलाई व्यवसाय प्रवर्द्धन एवम् विस्तार गर्न यस्ता प्रर्दशनीले महत्वपूर्ण भूमिका खेल्ने बताए । महिला उद्यमी विकास समितिमार्फत विभिन्न सीपमूलक तालिमको आयोजना गर्दै मउवासंघले मुलुककै पहिलो महिला विशेष आर्थिक क्षेत्र (उमन सेज) निर्माणको लागि प्रस्ताव तयार गरी पहल गरि रहेकामा बधाई दिदै आठौं महिला उद्यमी प्रदर्शनीले नवउद्यम गर्न चाहने महिलालाई थप हौसला प्रदान गर्ने विश्वास लिएका बताए ।

कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले साना तथा घरेलु तहका उत्पादनलाई ब्राण्डिङ गरी उद्यमशीलताको विकास गर्न चाहेको बताइन् । कार्यक्रममा उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्मा, हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, नेकपा एमालेनेतृ सुमित्रा काफ्ले, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश सदस्य तथा मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष उत्तम शर्मा ढकाललगायतले प्रदर्शनीलाई व्यापक बनाउँदै धेरैभन्दा धेरै उपभोक्तामा जानकारी पुऱ्याउन प्रर्दशनीले भूमिका खेल्ने बताए ।

महिला उद्यमी विकास समितिका सभापति अंकिता सुमार्गीले कार्यक्रममा नेपालको परिबेशमा उद्योग व्यवसाय र उत्पादनका क्षेत्रमा पुरुषको तुलनामा महिला सहभागिता न्यून मात्रामा रहेको, महिला उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरण गर्न यस्ता प्रदर्शनी आवश्यक रहेका बताइन् । ५ दिनसम्म चल्ने प्रदर्शनीमा महिला तथा कृषि उद्यमीले उत्पादन गरेको बस्तुको स्टल राखिएका छन् ।

मेलाअवधिमा कलाकारको मनोरञ्जनात्मक प्रस्तुती, सफलताको कथा, पेशागत प्यानल छलफल तथा कृषि अन्तर्क्रिया जस्ता कार्यक्रम रहेको जनाइएको छ । प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी आयोजनाको लागि बागमती प्रदेश सरकारका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा उपमहानगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर जिल्लाका विभिन्न पालिकाहरु लगायतको सहकार्य रहेको छ ।

# जलबिन्दुबारे सामुदायिक आँखा अस्पतालमा अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/ हेटौंडा सामुदायिक आँखा अस्पतालले आँखामा लाग्ने जलविन्दु रोगसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको छ । विश्व जलविन्दु सप्ताहअन्तर्गत शुक्रबार आयोजित अन्तरक्रिया कार्यक्रममा सरोकार वालासँग रोगबारे छलफल गरिएको हो ।

कार्यक्रममा अस्पतालका प्रमुख डा. सुनिल थकालीले जलविन्दु रोगको कारक तत्व, समयमै रोगको पहिचान उपाय र उपचारबारे प्रस्तुति गरेका थिए । उनका अनुसार अस्पतालमा दैनिक १० देखि १२ जना जलविन्दुका बिरामी आउने गरेका छन् । हेटौंडामा सामुदायिक आँखा अस्पतालले सेवा सुरु गरेपछि आँखाका धेरै रोगीको सफल उपचार भएको छ ।

विश्वभरीको तथ्यांक हेर्दा दृष्टिविहिनता हुनुमा जलविन्दु चौथो प्रमुखकारण रहेको उल्लेख गर्दै डा. थकालीले आँखामा हुने पानीको उत्पादन र निकासको असन्तुलनले जलविन्दु हुने बताए । जलविन्दु भइसकेपछि सुरुवाती चरणमा कुनै लक्षण नदेखिने र आँखा बन्द भइसकेपछि मात्र रोग पत्ता लाग्ने हुँदा समय-समयमा आँखाको प्रेसर जाँच गराउनुपर्ने उनको सुझाव छ ।

जलविन्दु वंशानुगत, उमेरजन्य, आँखाको हेरचाहमा लापरबाही लगायतका कारणले हुने गरेको डा. थकालीको भनाइ छ । नेपालमा सन् १९८१ मा गरिएको पहिलो सर्वेक्षणअनुसार त्यतिबेला जलविन्दु र मोतियाविन्दुका कारण ०.८४ प्रतिशत मानिस अन्धा भएका थिए ।

# दीर्घरोगीलाई अक्सिजन कन्सन्ट्रेटर सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २ चैत/थाहा नगरपालिका-३ का ७५ वर्षका दीर्घरोगी महिलालाई एक लाख बराबरको अक्सिजन कन्सन्ट्रेटर सहयोग गरिएको छ ।

समुदायमा आधारित प्रशामक सेवाअन्तर्गत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोग तथा हस्पिस नेपाल र थाहा वडा नम्बर ३ को सहकार्यमा कन्सट्रेटर सहयोग गरिएको हो । थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीले बिरामीको घरमै पुगेर सामग्री हस्तान्तरण गरेका हुन् ।

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको सहकार्यमा थाहा नगर पालिका क्षेत्रमा प्रतिष्ठानको प्रशामक सेवाअन्तर्गत क्यान्सर, दम, दीर्घरोग, मुटुरोगी, मिर्गौला फेल, मस्तिष्क पक्षघात, स्ट्रोक तथा अन्य विभिन्न दीर्घरोगी तथा नसर्ने रोगीको घरमै पुगेर उपचार तथा स्वास्थ्य परामर्श सेवा दिदै आइरहेको छ । प्रशामक सेवाले दीर्घरोगी तथा र अन्य घातक रोग लागेर अस्पतालसम्म जान नसक्नेहरुको लागि यो सेवा प्रदान गर्दै आइरहेको प्रशामक सेवाका संयोजक तथा समुदायिक स्वास्थ्य अधिकृत चिनियाँ लामाले बताए ।

उनले समुदाय भित्र रहेका दीर्घरोगी तथा नसर्ने रोगहरुको घरमै पुगी उपचार र स्वास्थ्य परामर्श दिदै आइरहेको जानकारी दिए । पाटन अस्पतालका वरिष्ठ चिकित्सक तथा प्रशामक सेवा विशेषज्ञ डाक्टर राजकुमार गजमेर, सामुदायिक स्वास्थ्य अधिकृत किवेता बिष्ट, समुदायमा प्रशामक सेवाका संयोजक तथा सामुदायिक स्वास्थ्य अधिकृत लामाले प्रशामक सेवा उपचारमा सहजीकरण गरिरहेका छन् ।

# काम खोज्दै फागुनमा विदेशिए साढे ६५ हजार नेपाली

काठमाडा, २ चैत/ काम खोज्दै एक महिनामा साढे ६५ हजार नेपाली विदेशिएका छन् । वैदैशिक रोजगार विभागको तथ्यांक अनुसार फागुन २०८० मा मात्र ६५ हजार ६ सय ५८ जनाले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका छन् ।

योसँगै चालु आर्थिक वर्ष (आव) २०८०/८१ आठ महिनामा नयाँ तथा पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या ४ लाख ७१ हजार २ सय १० पुगेको छ । नेपालबाट हरेक दिन औसत २ हजार नेपाली काम खोज्दै विदेशिने गरेका छन् । फागुनमा काम खोज्दै विदेशिनेमध्ये ६ हजार ७ सय ६८ महिला छन् । पछिल्लो तीन महिनायता लगातार ६० हजारभन्दा माथिको संख्यामा नेपाली विदेशिएको तथ्यांकमा देखिन्छ ।

फागुन २०८० मा काम खोज्दै विदेशिने नेपाली अघिल्लो वर्ष सोही महिनाको तुलनामा केही बढी हो । अघिल्लो वर्ष फागुनमा ६१ हजार ८ सय ४५ नेपाली विदेशिएका थिए । तथ्यांक अनुसार यो वर्ष आठ महिनामा पौने ५ लाख नेपाली विदेशिएका छन् । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने केही कम हो ।

*(स्रोत: अनलाइनखबर)*


## ऋणीहरुको तीनपुस्ते नामावली प्रकाशन गर्ने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सहकारी संस्थाबाट ऋण लिएर भाखा नाभी सकेको र सावाँ व्याज तिर्न नआउनु भएका सम्पूर्ण ऋणीहरुको घर दैलोमा ३५ दिने, १५ दिने र ७ दिने पत्र पत्र पठाई सकिएको व्यहोरा स्मरण गराउन चाहन्छौं । संस्थाबाट पठाइएका ती पत्रहरुलाई बेवास्ता गरी हालसम्म पनि संस्थामा सम्पर्क गर्न नआउनु भएका ऋणीको हकमा तस्बीर र ठेगाना सहित ३ (तीन) पुस्ते विवरण र सो ऋणमा जमानी बस्नेको नाम समेत उल्लेख गरी राष्ट्रिय पत्रिकामा सार्वजनिक गर्न लागिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१, चौकीटोल

## नवीकरण सम्बन्धी सूचना

नेपाल निर्माण व्यवसायी महासंघको आयोजना तथा निर्माण व्यवसायी संघ मकवानपुरको सह आयोजकत्वमा नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मिति २०८० चैत्र १६ र १७ गते गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८० चैत्र ७ गते सम्ममा २०८०/०८१ को अनिर्वाय रुपमा यस संघमा नविकरण गराउनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, २५ औं बार्षिक साधारण सभामा सहभागी हुन अनिर्वाय नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार तोकिएको समय भित्रमा नवीकरण गर्नु गराउनु हुन सम्पूर्ण नवीकरण हुन बाँकी रहेका फर्म/कम्पनीहरुलाई समेत यसै सूचना मार्फत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना